## तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०१।२३ गतेको ५३ औं बैठकका निर्णयहरुः

१. तिलोत्तमा मा.वि.ले अंग्रेजी माध्यमबाट अध्यापन गराउन भाडामा लिएको वडा नं. ३ मा रहेको दोलखबहादुर कार्कीको घरमा लागत अनुमान रु. २,२५,०००।— बराबर मर्मत संभार खर्चबाट समान्य मर्मत संभार गर्ने निर्णय गरियो ।

२. गाउँपालिकाको विभिन्न ठाउँमा हाल डढेलो प्रकोप अध्यधिक बढेको देखिएकोले हालसम्म भएका कार्यक्रमहरुको प्रभावकारीता देखिएन । आगामी दिनमा डढेलो नियन्त्रण कार्यक्रमलाई प्रभावकारी बनाउन सामूदायिक वन उपभोक्ता समितिहरुसँग छलफल गरी कार्यक्रमहरु तय गर्ने निर्णय गरियो ।

३. गाउँपालिकाको अंघिल्लो कार्यपालिकाको बैठकका निर्णयहरुको कार्यान्वयनहरुको सन्दर्भमा छलफल गरी समिक्षा गरियो ।

४. यस गाउँपालिकाको दोभान मा.वि.मा खानेपानीको योजना निर्माण गर्न प्रदेश सरकारबाट विनियोजन भएको रकमले योजना सम्पन्न नहुने भनी गाउँपालिकामा रकम माग गरेकोले उक्त योजनालाई अपुग हुने रु. २ लाख रकम समपुरक कोषबाट विनियोजन गरी निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

५. यस गाउँपालिकाको वडा नं. १ को ज्ञानोदय मा.वि.मा खानेपानी व्यवस्था गर्न लागत अनुमान तयार गरी पाइप उपलब्ध गराउने निर्णय गरियो ।

६. यस गाउँपालिकाले मस्याम मा.वि.मा आवाशिय सुविधा विस्तार गर्न गरेको निर्णय बमोजिम आवाशिय व्यवस्था मिलाउन लागत अनुमान अनुसारको काम गरी भुक्तानी दिने निर्णय गरियो । आवाशिय सुविधाको व्यवस्था नहुँदा सम्म प्रभावित क्षेत्रका विद्यार्थीहरुलाई सवारी साधनको व्यवस्था मिलाइ विद्यालयसम्म ल्याउने लैजाने व्यवस्था मिलाउने निर्णय गरियो । भाडाबापतको रकम गाउँपालिकाले विद्यालयलाई भुक्तानी दिने निर्णय गरियो ।

७. शिक्षा तथा सामाजिक विकास निर्देशनालय राप्ती उपत्यका (देउखुरी) दाङको प.सं. २०८०/८१ च.नं. ३८२ मिति २०८१।०१।१४ गतेको पत्रबाट माग भए बमोजिम यस गाउँपालिकाबाट तपशिल अनुसारका कार्यक्रमहरु प्रस्ताव गरी माग गर्ने निर्णय गरियो ।

**तपशिलः**

| प्राथमिकताक्रम | कार्यक्रमको नाम | माग गरेको विद्यालयको नाम | वडा नं. |
|---|---|---|---|
| १ | कक्षाकोठा | थानीडाँडा मा.वि. | २ |
| २ | | आदर्श आधारभूत विद्यालय | ३ |
| ३ | | देवी प्राथमिक विद्यालय | ६ |

तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०१।२३ गतेको ५३ औं बैठकका निर्णयहरुः

| प्राथमिकताक्रम | कार्यक्रमको नाम | माग गरेको विद्यालयको नाम | वडा नं. |
|---|---|---|---|
| १ | शौचालय | सत्यवती प्रा.वि. | ४ |
| २ | | भूमिशाला आ.वि. | ५ |
| ३ | | गौतम बुद्ध प्रा.वि. | ३ |
| १ | कम्पाउण्डवाल | पृथ्वी प्रकाश मा.वि. | ४ |
| २ | | ज्ञानोदय मा.वि. | १ |
| ३ | | आदर्श आ.वि. | ५ |
| १ | विज्ञान प्रयोगशाला | मस्याम मा.वि. | ६ |
| २ | | तिलोत्तमा मा.वि. | ३ |
| ३ | | बुद्ध विकास मा.वि. | ५ |
| १ | कम्प्युटर | दोभान मा.वि. | २ |
| २ | | जनदिप मा.वि. | ६ |
| ३ | | युवा वर्ष मा.वि. | १ |
| १ | पुस्तकालय | कल्याणी आ.वि. | ५ |
| २ | | बालज्योती प्रा.वि. | २ |
| ३ | | सिद्द आ.वि. | १ |
| १ | खानेपानी | सिद्द् आ.वि. | १ |
| २ | | पृथ्वी प्रकाश मा.वि. | ४ |
| ३ | | लक्ष्मी आ.वि. | ६ |
| १ | बालमैत्री कक्षाकोठा निर्माण | युवा वर्ष मा.वि. | १ |
| २ | | गिजनचौर प्रा.वि. | ४ |
| ३ | | मस्याम मा.वि. | ६ |
| १ | विद्यालय मर्मत | बुद्ध विकास मा.वि. | ५ |
| २ | | रुपा प्रा.वि. | २ |
| ३ | | सरस्वती प्रा.वि. | ३ |
| १ | विद्यालय खेलमैदान | सिर्जना आ.वि. | ३ |
| २ | | पृथ्वी प्रकाश मा.वि. | ४ |
| ३ | | थानीडाँडा मा.वि. | २ |

**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८१।०१।२३ गतेको ५३ औं बैठकका निर्णयहरुः**

८. मिति २०८१।.....।.... गते समातिएका ....... नं. ट्याक्टहरुलाई नियमानुसार जरिवाना लिई जरिवाना रकम आन्तरिक आम्दानी खातामा आम्दानी दाखिला गर्ने निर्णय गरियो ।